आज मिति २०७६/०१/२६ गतेका दिन यस हरिनास गाउँपालिकाका अध्यक्ष श्री विमनारायण मानन्धर ज्यूको अध्यक्षतामा निम्नानुसारका गाउँकार्यपालिकाका सदस्यहरूको उपस्थितिमा बैठक बसी तपशिलका निर्णयहरू गरियो ।

तपशिल

| दस्तखत | पदाधिकारीको नाम थर | पद |
|---|---|---|
| | श्री विमनारायण मानन्धर | गाउँपालिका अध्यक्ष |
| | श्री झनमाया पराजुली | गाउँपालिका उपाध्यक्ष |
| | श्री भिमबहादुर भुजेल | वडाध्यक्ष वडा नं. १ |
| | श्री पर्शुराम सिग्देल | वडाध्यक्ष वडा नं. २ |
| | श्री लेखबहादुर क्षेत्री | वडाध्यक्ष वडा नं ३ |
| | श्री चिन्तामणि शर्मा | वडाध्यक्ष वडा नं ४ |
| | श्री इन्द्रबहादुर राना | वडाध्यक्ष वडा नं ५ |
| | श्री नरबहादुर थापा | वडाध्यक्ष वडा नं ६ |
| | श्री केशमाया थापा | वडाध्यक्ष वडा नं ७ |
| | श्री हिममाया थापा | कार्यपालिका सदस्य |
| | श्री उजेली नेपाली दर्जि | कार्यपालिका सदस्य |
| | श्री रेखा बिश्वकर्मा | कार्यपालिका सदस्य |
| | श्री धनमाया राना | कार्यपालिका सदस्य |
| | श्री महेन्द्र गोतामे | कार्यपालिका सदस्य |
| | श्री सुरज बहादुर नेपाली | कार्यपालिका सदस्य |
| | श्री पर्शुराम उपाध्याय | सदस्य सचिव (प्रमुख प्रशासकीय अधिकृत) |

CamScanner

| | | |
|---|---|---|
| | महेश्वर अर्याल | हरिनास गाउपालिका कार्यालय |
| | बिदुर सिग्देल | हरिनास गाउपालिका कार्यालय |
| | सन्दिप लम्साल | हरिनास गाउपालिका कार्यालय |

निर्णय न. १

निर्णय नं १ माथि छलफल गर्दा नेपाल टेलिकम पोखराको प्राप्त पत्रानुसार २०७५ साउन देखि यस हरिनास गाउँपालिकाको नाममा कुमारी बिकास बैंकमा रहेको खाता नं. ०८५००३४८११९००००४ मा भुक्तानी हुदै आएकोले रु १३५५४०।- रुपैया मुक्तिनाथ बिकास बैंकको ००१००००७८५०१ मा रकम जम्मा गरि दिनु हुन भनी अनुरोध भइ आएकोले पत्रानुसार रकम यस कार्यालयमा जम्मा भएको अभिलेख लेखा शाखामा रहेको भए उल्लेखित रकम भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. २

निर्णय नं. २ मा छलफल गर्दा धाउखानी गृहकोट लिफ्टिङ खानेपानी तथा सरसफाइ योजना डिपिआर समेतको कार्य सम्पन्न भएको र स्थानिय पूर्वाधार कार्यक्रम अन्तरगत गृहकोट खानेपानी योजना नाम समावेश भइ आएकोले उक्त धाउखानी गृहकोट अन्तरगत रहेको धाउखानी गृहकोट लिफ्टिङ खानेपानी तथा सरसफाइ योजनालाइ गृहकोट खानेपानी योजना भनी सम्झौता गराइ काम अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं. ३ मा छलफल गर्दा यस आ.ब.मा यस गाउँपालिकामा गरिवि निवारणका सुन्तला र कागती खेति संचालनका लागी रकम बिनियोजन भइ आएकोले उक्त कार्य सम्पन्न गरी ठेक्का प्रकृयाद्वरा छिटो भन्दा छिटो कार्य सम्पादन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

निर्णय नं. ४ मा छलफल गर्दा यस आ.ब.को कृषि/ पशु कार्यक्रम तर्फ संघिय सरकारवाट हस्तान्तरित स्वीकृत लागत साझेदारीमा बाखा प्रवर्द्धन कार्यक्रममा पर्न आएका निवेदनहरु मध्ये निम्न समुहलाइ कार्यक्रम संचालनका लागी स्वीकृत गर्ने निर्णय गरियो ।

निम्न:

क- सूर्यमुखी बाखापालन तथा कृषि समुह

ख- गौरीस्वारा वहुउद्येश्यी कृषक समुह ।

निर्णय नं. ५

निर्णय नं. ५ मा छलफल गर्दा जिल्ला मालपोत कार्यालयबाट तालिमका लागी बजेट प्रवन्ध गरि दिनु हुन भी मिति २०७८/१/५ को पत्रबाट अनुरोध भइ कोलेनिका स्याङजाको बिबिध खाता नं. ०७२०१०००००२००६००००01 मा स्थानिय तहको योगदान स्वरुप रु ५००००/- दाखिला गरि दिनु हुन भनि आएकोले उक्त रकम मिल्ने शिर्षकबाट दाखिला गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

निर्णय नं. ६ मा छलफल गर्दा आ.व. २०७६/०७७ मा यस कार्यालयबाट सम्पादन गरिएका कार्यहरुको मिति २०७७/१२/१७ देखि १९ गते सम्म संचालन भएको स्वमूल्यांकन भएकोमा बिषयक्षेत्रहरु बाट कुल १७.५ अंक प्राप्त भएको हुँदा उक्त अंकलाइ अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

निर्णय नं. ७ मा छलफल गर्दा कोभिड-१९ को प्रकोप वढदो क्रममा रहेकोले उक्त रोग नियन्त्रणका लागी यस पालिका भित्र रहेका स्वास्थ्य चौकीहरुमा तत्तकाल प्रति एक स्वास्थ्य संस्थामा १० दश वटा बेड तयार पारी आइसोलेसन केन्द्र स्थापना गर्ने र सो केन्द्र स्थापनाका लागी आवश्यक पर्ने स्वास्थ्य सामाग्री तत्तकाल खरिद गरि बढदो प्रकोपलाइ नियन्त्रण गर्नका लागी स्वास्थ्य शाखा लाइ परिचालन गरी पिसिआर वा एन्टिजेन प्रकृयाबाट स्वाभ परिक्षणको दायरा बढाउने निर्णय गरियो ।

निर्णय नं. ८

निर्णय नं. ८ मा छलफल गर्दा यस गाउँपालिकामा रिक्त रहन गएको गाउँ प्रहरी जवानको पद संख्या एक लाइ पदपुर्ति गर्ने निर्णय गरियो ।

CamScanner

निर्णय नं. ९

निर्णय नं. ९ मा छलफल गर्दा हरिनास गाउँपालिका वडा नं. ६ बस्ने कृष्णवहादुर बिश्वकर्मा (बिरही) ले २०७७।८।१ गते देखि यस हरिनास गाउँपालिकाका बिभिन्न वार्डहरुमा गइ गाउँपालिकाको गिति चिनारी हाम्रो हरिनास गाउँपालिका नामक गित Recording गरी समग्र गाउँपालिकाको चिनारी गरेकोले निज कृष्णवहादुर बिश्वकर्मा (बिरही) लाइ सो गिति चिनारी गराउदा लागेको यातायात खर्च र कलाकारले अडियो Recording गर्दा लाग्ने खर्च बढीमा रु २०००००। दिने निर्णय गरियो ।